# अर्थ बुलेटिन

वर्ष ६ अंक १ साउन, २०८१

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- राजस्व परिचालनमा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा संघीय सरकारको राजस्व परिचालन २०.१ प्रतिशत र कुल खर्च १४.८ प्रतिशतले वृद्धि भएको छ।
- कुल वस्तु निर्यात र आयात दुवैमा केही संकुचन आएको छ। आयातमा कमी आउँदा व्यापार घाटामा केही सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश घटेको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति घटेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको कुल संख्या (नयाँ र पुनः श्रम स्वीकृति लिई) गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत बढेको छ। कुल वस्तु आयात घटेको र विदेशी मुद्रा सञ्चितिमा उल्लेख्य सुधार भएकोले सञ्चिति पर्याप्तता सूचकाँकमा सुधार आएको छ।
- समग्रमा आर्थिक कृयाकलापमा बढोत्तरीसँगै समष्टिगत आथिक परिसूचकहरु सकारात्मक हुँदै गएका छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ३५ अर्ब ३ करोड ७० लाखको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब २० करोड ७६ लाख पुगेको छ। कुल खर्च मध्ये चालु खर्च ३०.८ प्रतिशत, पूँजीगत खर्च २१.३ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ४७.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको साउन महिनामा यस्तो खर्च क्रमशः ३४.६ प्रतिशत, २.३ प्रतिशत र ६३.१ प्रतिशत रहेको थियो। यस अवधिको पूँजीगत खर्चमा उल्लेख्य वृद्धि भएको छ भने चालु खर्चमा २.० प्रतिशतले वृद्धि भएको छ। वित्तीय व्यवस्थातर्फको खर्चमा १२.७ प्रतिशतले कमी आएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको साउन महिनाको खर्चको स्थिति (रु. करोडमा)**

| क.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | १७२.८३ | ९५५.७५ | ५६५.७२ | १२१३.५८ | १२३८.२२ |
| पूँजीगत | १३.३३ | ९३.५० | १४८.४६ | ८२.३१ | ८५५.४८ |
| वित्तीय व्यवस्था | ११.७५ | ०.०० | १५११.६९ | २२०७.८१ | १९२७.०६ |
| **कुल** | **१९७.९१** | **१०४९.२५** | **२२२५.८७** | **३५०३.७०** | **४०२०.७६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

२. चालु आर्थिक वर्षको साउन महिनामा राजस्व सङ्कलन उल्लेख्य दरमा बढेको छ। आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा संघीय सरकारको कुल राजस्व प्राप्ति गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ७८ अर्ब ८७ करोड ४१ लाखको तुलनामा २०.१ प्रतिशतले वृद्धि भई रु. ९४ अर्ब ७४ करोड ३० लाख पुगेको छ। यस अवधिमा कर राजस्व तथा गैरकर राजस्वको वृद्धिदर क्रमशः १०.३ प्रतिशत र ९९.२ प्रतिशत रहेको छ। कुल राजस्वमा कर राजस्वको अंश ८१.७ प्रतिशत र गैरकरको अंश १८.३ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ९६ अर्ब ९५ करोड ७१ लाख रहेको छ।


**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**


| क.सं./आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | ५६५५.६४ | ७६१८.८० | ७०६३.८६ | ७०१७.५२ | ७७४१.२७ |
| गैरकर | २२५.८४ | १७०७.३२ | ९०८.३९ | ८६९.८९ | १७३३.०३ |
| **जम्मा** | **५८८२.००** | **९३२६.१२** | **७९७२.२५** | **७८८७.४१** | **९४७४.३०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. गत आर्थिक वर्षको साउन महिनाको तुलनामा चालु आर्थिक वर्षको साउन महिनामा गैरकरको अंश बढेकोले अन्य शिर्षकका करको अंश घटेको छ। गत आर्थिक वर्षको साउन महिनाको कुल राजस्वमा ३०.३ प्रतिशत मुल्य अभिवृद्धि करको हिस्सा रहेकोमा चालु आर्थिक वर्षमा केहि घट्न गई २७.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो महिनाको कुल राजस्वमा गैरकर राजस्व सङ्कलनमा वृद्धि भएको छ भने अन्य करको हिस्सा घटेको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको साउन महिनाको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको पहिलो महिनामा गैरकर सङ्कलन ९९.२ प्रतिशतले वृद्धि भएको छ भने शिक्षा सेवा शुल्क सङ्कलन उच्च दरले घटेको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको छ। अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ।

**चार्ट (ख): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा ५८.६ प्रतिशतले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा १४.५ प्रतिशतले घटेको थियो। तत्पश्चातका वर्षमा क्रमशः सुधार हुँदै चालु आर्थिक वर्षको साउन महिनामा राजस्व वृद्धिदर २०.१ प्रतिशत रहेको छ। कोभिड सङ्क्रमण तथा आयात नियन्त्रणका लागि चालिएका कदमका कारण विगतका वर्षमा राजस्व सङ्कलनमा कमी आएको थियो भने आर्थिक गतिविधि बढेदै गएसँगै राजस्व परिचालन सुधार हुँदै गएको हो।

**तालिका (ग): पछिल्लो दुई आर्थिक वर्षको साउनमहिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८०/८१ को साउन महिनाको सङ्कलन | २०८१/८२ को वार्षिक लक्ष्य | साउन महिनाको लक्ष्य | साउन महिनाको सङ्कलन | लक्ष्यको तुलनामा सङ्कलन | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **१४६५.१९** | **३०७३६.२३** | **२१९३.६७** | **१५८९.५१** | **७२.५** | **५.२** | **८.५** |
| **मूल्य अभिवृद्धि कर** | **२३८६.७०** | **३८६५२.००** | **३४७२.८८** | **२६३४.०९** | **७५.८** | **६.८** | **१०.४** |
| उत्पादन, बिक्री, सेवा | ११४८.९२ | १६४३६.६६ | १६३२.९१ | १२९६.९१ | ७९.४ | ७.९ | १२.९ |
| पैठारी | १२३७.७८ | २२२१५.३४ | १८३९.९८ | १३३७.१८ | ७२.७ | ६.० | ८.० |
| **अन्तःशुल्क** | **११०३.१०** | **१९४९६.१६** | **१३१९.६९** | **१२१०.१९** | **९१.७** | **६.२** | **९.७** |
| आन्तरिक उत्पादन | ८३८.४९ | १४१८०.५८ | ८१६.९२ | ८७५.३८ | १०७.२ | ६.२ | ४.४ |
| पैठारी | २६४.६२ | ५३१५.५८ | ५०२.७६ | ३३४.८१ | ६६.६ | ६.३ | २६.५ |
| **शिक्षा सेवा शुल्क** | **२८.९६** | **४६५.७६** | **९.४४** | **२४.५६** | **२६०.२** | **५.३** | **(१५.२)** |
| **आयकर** | **२०३३.५७** | **३९०७०.८१** | **३१२४.५८** | **२२८२.९३** | **७३.१** | **५.८** | **१२.३** |
| आयकर | १३६१.१६ | ३४०६२.३० | २०९९.३७ | १६११.५४ | ७६.८ | ४.७ | १८.४ |
| ब्याज कर | ६७२.४१ | ५००८.५१ | १०२५.२१ | ६७१.३९ | ६५.५ | १३.४ | (०.२) |
| **कर राजस्व जम्मा** | **७०१७.५२** | **१२८४२०.९६** | **१०१२०.२६** | **७७४१.२७** | **७६.५** | **६.०** | **१०.३** |
| **गैर कर जम्मा** | **८६९.८९** | **१३५०९.३४** | **१९३१.३५** | **१७३३.०२** | **८९.७** | **१२.८** | **९९.२** |
| **कूल राजस्व** | **७८८७.४१** | **१४१९३०.३०** | **१२०५१.६१** | **९४७४.३०** | **७८.६** | **६.७** | **२०.१** |
| **अन्य प्राप्ति** | **९२६.४८** | **०.००** | **०.००** | **२२१.४१** | **-** | **-** | **(७६.१)** |
| **जम्मा राजस्व/प्राप्ति** | **८८१३.८९** | **१४१९३०.३०** | **१२०५१.६१** | **९६९५.७१** | **८०.५** | **६.८** | **१०.०** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. चालु आर्थिक वर्षको साउन महिनामा आन्तरिक तर्फको अन्तः शुल्क सङ्कलन र शिक्षा सेवा शुल्क लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७८.६ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ६.७ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

७. चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६९ अर्ब २० करोडको तुलनामा २१.७ प्रतिशतले वृद्धि भई रू. ८४ अर्ब २१ करोड पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत ८.८ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय राजस्व र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वमा क्रमशः ०.५ प्रतिशत र ४.६ प्रतिशतले संकुचन भएको थियो।

## करको दायरा विस्तार

८. २०८१ साउनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ६३ लाख ५ हजार १ सय ३९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ४३ लाख नाघेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख ५५ हजार ३ सय ५५ र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३३ हजार ५ सय ९७ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३१.० प्रतिशत, ०.५ प्रतिशत र ६८.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ३० हजार १ सय ४० र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १८ हजार ८ सय ४८ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | आ.व.२०८०/८१ असार मसान्तसम्म | आ.व.२०८०/८१ को साउनमा थप | आ.व. २०८१/८२ को साउनमा थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १९४४१०१ | १३९७९ | ११२५४ | १९५५३५५ |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (WPAN) | ३३३२८ | ८८१ | २६९ | ३३५९७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४२४८७०४ | ६२३३३ | ६७४८३ | ४३१६१८७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **७७१९३** | **७९००६** | **६३०५१३९** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३२७४१७ | ३५४७ | २७२३ | ३३०१४० |
| अन्तःशुल्क (Excise) | ११७३६८ | १८४९ | १४८० | ११८८४८ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता

९. चालु आर्थिक वर्षको साउन महिनामा वैदेशिक सहायता प्रतिवद्धता रु. १६ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रु. १० अर्ब ६३ करोड रहेको थियो। कुल सहायता प्रतिवद्धतामध्ये १६.३ प्रतिशत अनुदान र ८३.७ प्रतिशत ऋण रहेको छ।

१०. कुल सहायता प्रतिवद्धतामध्ये ८३.७ प्रतिशत यातायात क्षेत्रमा प्राप्त भएको छ भने ८.८ प्रतिशत पूर्वाधार क्षेत्रमा र ७.५ प्रतिशत वातावरण र जलवायु क्षेत्रमा प्राप्त भएको छ।

## सार्वजनिक ऋण वैदेशिक सहायता

११. २०८१ साउन मसान्तसम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २४ खर्ब ७२ अर्ब ४४ करोड रहेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४८.७ प्रतिशत र ५१.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ४८.९ प्रतिशत र ५१.१ प्रतिशत रहेको थियो।

१२. चालु आर्थिक वर्षको साउन महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. २ अर्ब २७ करोड र बाह्य ऋणतर्फ रु. १७ अर्ब गरी कुल रु. १९ अर्ब २७ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ३ अर्ब ६० करोड ५४ लाख र बाह्य ऋणतर्फ रु. ३१ करोड ४० लाख गरी कुल रु. ३ अर्ब ९१ करोड ९४ लाख ब्याज भुक्तानी गरेको छ।

१३. २०८१ को साउन महिनामा संघीय सरकारले आन्तरीक ऋण रु.२३ अर्ब र वाह्य ऋण रु. १८ अर्ब ११ करोड २७ लाख (विनिमयदर घटबढबाट सिर्जित समेत) करोड गरी कुल रु. ४१ अर्ब ११ करोड २७ लाख ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१४. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ०.७ प्रतिशतले (रु. ४३ अर्ब ४५ करोड) घटेको छ। गत आर्थिक वर्षको साउन मसान्तमा यस्तो निक्षेप २.३ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १४.९ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा रु. १४ अर्ब ११ करोडले वृद्धि भएको छ। गत आर्थिक वर्षमा पनि यस्तो कर्जामा ०.१ प्रतिशतले कमि आएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.२ प्रतिशतले बढेको छ।

१६. २०८१ साउन मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८० साउन मसान्तमा ११ हजार ५ सय ७४ रहेकोमा २०८१ साउन मसान्तमा ११ हजार ५ सय ४१ कायम भएको छ।

१७. २०८१ साउनमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० साउनमा ८.० प्रतिशत रहेको निक्षेपको औसत ब्याजदर २०८१ साउनमा ५.६६ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर १२.२४ प्रतिशतबाट ९.६८ प्रतिशतमा झरेको छ।

१८. बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० साउनमा ३.०२ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ साउनमा ३.८६ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

१९. बीमा क्षेत्रका परिसूचक घटेका छन्। चालु आर्थिक वर्षको साउनसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४२.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४४.० प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको साउनमहिनासम्म जारी भएको कुल जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.२४ प्रतिशतले घटी १ करोड ३७ लाख ७ हजार २ सय ५१ रहेको छ। यस अवधिमा बैदेशिक बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि भए तापनि म्यादी र लघु म्यादी जीवन बीमालेख सङ्ख्यामा ११.९ प्रतिशतले कमी आउँदा कुल बीमालेख सङ्ख्यामा कमी आएको हो। गत आर्थिक वर्षको सोही उवधिमा उक्त सङ्ख्या १ करोड ४० लाख २१ हजार ५ सय ४० पुगेको थियो।

२१. २०८१ साउनसम्म कुल निर्जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.८५ प्रतिशतले वृद्धि भई २ लाख ४१ हजार ३ सय १४ पुगेको छ। २०८० को सोही अवधिमा उक्त सङ्ख्या २ लाख १३ हजार ८ सय २८ रहेको थियो।


२२. आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले कमी आई रु. २२ अर्ब ८८ करोड ६६ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम २०.७ प्रतिशतले वृद्धि भई रू. २३ अर्ब ५९ करोड कायम पुगेको थियो।

२३. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८१.१६ प्रतिशत र १८.८४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा उक्त हिस्सा क्रमशः ८३.११ प्रतिशत र १६.८९ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२४. लामो समयपछि नेप्से सूचकाङ्क उच्च रहेको छ। २०८१ साउन मसान्तमा नेप्से सूचकाङ्क तीन हजार अङ्क माथि पुगेको छ। २०८० साउन मसान्तमा नेप्से सूचकाङ्क २०३३.१४ विन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ५६.६ प्रतिशतले वृद्धि भई रु. ४७ खर्ब ६५ अर्ब ९१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३० खर्ब ४३ अर्ब १ करोड रहेको थियो।


**चार्ट (घ): पछिल्लो ५ वर्षको साउन मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२५. २०८१ साउन महिनाको १ गते २३१०.५९ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः बढ्दै महिनाको अन्तिम कारोवार भएको दिन साउन ३१ गते ३०००.८१ विन्दुमा पुगेको छ।

### चार्ट (ङ): २०८० साउन महिनाको नेप्से सूचकाङ्क




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२६. २०८१ असारको तुलनामा २०८१ साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ। २०८० साउनमा यस्तो मुद्रास्फीति ७.५२ प्रतिशत रहेको थियो।

२७. २०८१ साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.१७ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.९४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ८.९ प्रतिशत र ६.६२ प्रतिशत रहेको थियो ।

## मुद्राप्रदाय

२८. वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय २.३ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १४.८ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

२९. पछिल्लो पाँच आर्थिक वर्षको पहिलो महिनाको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा नेपालको कुल वस्तु निर्यात वृद्धि भएकोमा त्यसपछिका आर्थिक वर्षमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ को साउनमा निर्यात आयात अनुपात १३.८ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १२.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको पहिलो महिनामा यस्तो अनुपात क्रमशः ९.५ प्रतिशत र ८.७ प्रतिशत रहेको छ।

### तालिका (ङ): पछिल्लो पाँच आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापारको विवरण (मूल्य रु. करोडमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | ८५८१.०० | १५०७३.०० | १३१२९.०० | १२९२३.८७ | १२८३७.५७ |
| निर्यात | ९६२.०० | २०७७.०० | १४८१.०० | १३५२.७९ | १२२२.५३ |
| कुल व्यापार | ९५४३.०० | १७१५०.०० | १४६१०.०० | १४२७६.६६ | १४०६०.१० |
| व्यापार घाटा | ७६१९.०० | १२९९६.०० | ११६४८.०० | ११५७१.०८ | ११६१५.०४ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ११.२ | १३.८ | ११.३ | १०.५ | ९.५ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८९.९ | ८७.९ | ८९.९ | ९०.५ | ९१.३ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १०.१ | १२.१ | १०.१ | ९.५ | ८.७ |

स्रोत: भन्सार विभाग।

## वस्तु निर्यात

३०. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.६ प्रतिशतले संकुचित भई रु. १२ अर्ब २२ करोड ५३ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १३ अर्ब ५२ करोड ७९ लाख रहेको थियो। २०८१ साउनमा पिना, चिया, प्लाइउड, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने फलामे पाता, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, तयारी कपडँ लगायतका वस्तुको निर्यात घटेको छ।

३१. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६२.० प्रतिशत, १.३ प्रतिशत र ३६.७ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६२.७ प्रतिशत, २.९ प्रतिशत र ३४.४ प्रतिशत रहेको थियो।

३२. यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यातमा क्रमशः १०.६ प्रतिशत, ५९.८ प्रतिशत र ३.५ प्रतिशतले कमी आएको छ।

**तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| उनी गलैंचा कार्पेट | ९५.६६ | १११.७५ | १६.८ |
| सेन्थेटिक यार्न | १०६.८४ | ९१.४३ | -१४.४ |
| तयारी कपडा | ९२.३८ | ८१.०७ | -१२.२ |
| प्लाइउड | ५७.६२ | ७६.२७ | ३२.४ |
| फलामे पाता | ९६.१९ | ७३.३२ | -२३.८ |
| जमोठ कपडा | ५७.९ | ६५.२२ | १२.६ |
| चिया | ४२.०१ | ५७.९ | ३७.८ |
| फलफुलको जुस | ५१.५ | ४८.०६ | -६.७ |
| पिना अन्य | २६.०५ | ४३.३२ | ६६.३ |
| जुटका बुनिएका कपडा | ४४.०५ | ३४.४९ | -२१.७ |
| अन्य | ६८२.५९ | ५३९.७ | -२०.९ |
| **जम्मा** | **१३५२.७९** | **१२२२.५३** | **-९.६** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३३. चालु आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.७ प्रतिशतले कमी भई रु. १ खर्ब २८ अर्ब ३७ करोड ५७ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १.६ प्रतिशतले कमी आई रु. १ खर्ब २९ अर्ब २३ करोड ८७ लाख रहेको थियो।

३४. चालु आर्थिक वर्षको साउन महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा युरीयाको आयातमा उल्लेख्य वृद्धि भएको छ साथै, सुर्यमुखिको कच्चा तेल, तयारी कपडा, एल पि ग्यास, मोवाइल टेलिफोन लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा एच.आर.सिट, डिजेल, शुद्ध फलाम लगायतका वस्तुको आयात घटेको छ।

३५. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.५ प्रतिशत, १९.१ प्रतिशत र २०.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६२.९ प्रतिशत, १७.० प्रतिशत र २०.२ प्रतिशत रहेको थियो।

३६. यस अवधिमा भारततर्फको आयातमा ४.४ प्रतिशत कमी आएको छ भने चीन तर्फको आयातमा १२.० प्रतिशतले वृद्धि भएको छ। साथै, अन्य मुलुकतर्फको आयातमा समेत वृद्धि भएको छ।

**तालिका (छ) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७३४.७१ | ६९८.७२ | -४.९ |
| पेट्रोल | ५४४.७१ | ५६९.३५ | ४.५ |
| एल पि ग्यास | ३८२.०८ | ४८२.६७ | २६.३ |
| युरिया | ७०.७० | ४२७.७८ | ५०५.१ |
| शुद्ध फलाम | ३७४.७३ | ३७२.७३ | -०.५ |
| मोवाइल टेलिफोन | २९३.४८ | ३५९.३३ | २२.४ |


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| तयारी कपडा | २४६.४८ | ३४८.३२ | ४१.३ |
| एच.आर.सिट | ४०६.१८ | ३३५.७८ | -१७.३ |
| सुर्यमुखिको कच्चा तेल | १७८.५२ | २६३.१९ | ४७.४ |
| पोलीथिन दाना | २५०.४० | २५८.३० | ३.२ |
| अन्य | ९४४१.८८ | ८७२१.४० | -७.६ |
| **जम्मा** | **१२९२३.८७** | **१२८३७.५७** | **-०.७** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३७. आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १६ अर्ब १५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ०.७ प्रतिशतले कमी आएको थियो।


चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु। अर्बमा)




स्रोतः भन्सार विभाग।

३८. नेपालको कुल व्यापारमा आयातको हिस्सा उच्च रहदै आएको छ। निर्यातको अंश अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँ आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल व्यापारमा निर्यातको हिस्सा १२.१ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरुमा यस्तो हिस्सा क्रमशः कम हुँदै गएको छ। चालु आर्थिक वर्षमा पनि गत आर्थिक वर्षको तुलनामा कुल व्यापारमा निर्यातको अंश केही घटेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको व्यापारको स्थिति (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १५ अर्ब ८७ करोडको तुलनामा ७.६ प्रतिशतले कमी आई रु. १४ अर्ब ६६ करोड रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. २७ अर्ब १२ करोडको तुलनामा १०.३ प्रतिशतले वृद्धि भई रू. २९ अर्ब ९२ करोड पुगेको छ।

४०. आर्थिक वर्ष २०८१/८२ को साउन महिनामा खुद सेवा आय रू. १५ अर्ब २६ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ११ अर्ब २५ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह रू.१ खर्ब ३६ अर्ब ९३ करोड (१०२१ मिलियन अमेरिकी डलर) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा १८.० प्रतिशत र अमेरिकी डलरमा १६.१ प्रतिशतले बढेको छ।

४२. चालु आर्थिक वर्षको साउन महिनामा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा ५.७ प्रतिशतले कमि आएको छ। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा भने गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.९ प्रतिशतले वृद्धि भई २२ हजार ६ सय ४७ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या १६ हजार ४ सय २३ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा चालु खाता र शोधनान्तर स्थिति बचतमा रहेको छ। चालु खाता अघिल्लो आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा रू. १३ अर्ब ३७ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षमा रू.३० अर्ब ८९ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०८०/८१ को साउनमा १० करोड १३ लाख अमेरिकी डलरले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८१/८२ मा सुधार भई २३ करोड ४ लाख अमेरिकी डलरले बचतमा रहेको छ।

४४. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा शोधनान्तर स्थिति रु. ४० अर्ब ९० करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ३६ अर्ब ४३ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा २०८० को साउन महिनामा २७ करोड ६३ लाखले बचतमा रहेको शोधनान्तर स्थिति आर्थिक वर्ष २०८१ साउनमा ३० करोड ५१ लाखले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४५. २०८१ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा २.५ प्रतिशतले बढेर रू.२० खर्ब ९२ अर्ब २२ करोड पुगेको छ। अमेरिकी डलरमा २०८१ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा २.० प्रतिशतले बढेर १५ अर्ब ५८ करोड कायम भएको छ।

४६. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १६.७ महिनाको वस्तु पैठारी तथा १३.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

### विनिमय दर

४७. २०८१ असार मसान्तको तुलनामा २०८१ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.५ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३४.०२ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

### पर्यटक आगमन

४८. सन् २०२४ को अगस्ट महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२३ को सोही महिनाको तुलनामा १९.८ प्रतिशतले वृद्धि भई ७ लाख २० हजार ३ सय ३२ पुगेको छ। गत वर्षको सोही महिनामा उक्त सङ्ख्या ६ लाख १ हजार ३ सय ६० रहेको थियो। यसैगरी, सन् २०२४ को अगस्ट महिनामा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या ७२ हजार ७ सय १७ पुगेको छ। गत वर्षको अगस्ट महिनामा उक्त सङ्ख्या ६७ हजार १ सय ५३ रहेको थियो।

४९. आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा भ्रमण आयमा ८.१ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. ४ अर्ब ४० करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा ३०.४ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु. १७ अर्ब २६ करोड रहेको थियो।

५०. चालु आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. १४ अर्ब ९२ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व.को सोही अवधिमा यस्तो रकम रु. १० अर्ब ७५ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो महिनामा शिक्षा क्षेत्रमा रु. १७ करोड रकम भित्रिएको छ।